# गैँडाकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# गैँडाकोट, नवलपरासी (वर्दघाट सुस्ता पूर्व)
# गण्डकी प्रदेश, नेपाल
# २०७३

## फोहरमैला व्यवस्थापन सम्बन्धी शिलवन्दी प्रस्ताव आव्हानको सूचना

(प्रथम पटक प्रकाशित मिति २०७६।१२।०१)

गैंडाकोट नगरपालिका क्षेत्रभित्र घर घरबाट श्रृजित हुने फोहरमैलालाई तत्काल व्यवस्थित रुपमा विसर्जन गर्न र दीर्घकालिन रुपमा नगरपालिकालाई फोहर नियन्त्रित नगरपालिकाको रुपमा पहिचान गराउन सार्वजनिक–निजी साझेदारी अवधारणामा व्यवस्थापन कार्य अघि बढाउन इच्छुक फर्म, संघ संस्था वा कम्पनीलाई यो सूचना प्रकाशित भएको मितिले १५औं दिनभित्र यसै सूचनामा प्रकाशित प्रस्तावका शर्तहरुमा उल्लेखित विषयहरु समावेश गरी १६ औं दिन मध्यान्ह १२:०० बजेभित्र (अन्तिम दिन विदा परेमा त्यसको भोलीपल्ट) कार्यालयमा आईपुग्ने गरी रीतपूर्वकको आवश्यक कागजातहरु सहितको शिलवन्दी प्रस्ताव (प्राबिधिक तथा आर्थिक ) पेश गर्नु हुन यो सुचना प्रकाशित गरिएको छ । उल्लेखित समय भित्र दर्ता नभएका र प्रचलित कानून बमोजिम प्रकृया नपुगेका प्रस्ताव उपर कुनै कारवाही अगाडि बढाईने छैन । साथै प्रकृया पूरा गरी पेश भएका प्रस्तावहरु उपर पनि पूर्णरुपमा स्वीकृत गर्ने वा नगर्ने एवं आंशिक रुपमामात्र स्वीकृत गर्ने भन्ने पूर्णाधिकार यस नगरपालिकाको कार्यालयमा सुरक्षित रहने व्यहोरा समेत जानकारी गराईन्छ । यस सम्बन्धी विस्तृत जानकारी यस नगरपालिकाको सम्पर्क नं:- ०७८-५०३१८४/५०११९० वा ९८५५०-८२४२३ वेवसाइट (Web Site : http://www.gaindakotmun.gov.np) ईमेल ( E–Mail :– gaindakotmun@gmail.com ) वा कार्यालयवाट लिन सकिनेछ।

**प्रस्तावका शर्तहरु**

१) प्रस्ताव संग फर्म संघ संस्था वा कम्पनीको बैधानिकताको प्रमाणपत्रको प्रतिलिपि, संचालक व्यक्तिहरुको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, पान वा भ्याटमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि, विधान वा प्रबन्धपत्र तथा विनियमावलीको प्रतिलिपि लगायतका नविकरण भएका कागजात पेश गर्नुपर्नेछ।

२) प्रस्तावकको प्रस्ताव दैनिक संकलित फोहरलाई कुहिने र नकुहिने गरी विभाजन गर्ने र त्यसरी विभाजन गरी सकेपछि:-

क) कुहिनेको हकमाः तत्काल कम्पोष्ट मलबनाई व्यवसायीक रुपमा नै विक्रि वितरण गर्न सक्ने र दीर्घकालिन रुपमा घरघरमै कम्पोष्ट मल बनाउन सिकाई प्रयोगमा ल्याउन प्रेरित गरी घरबाटै कुहिने फोहर ननिस्कने वातावरण मिलाउनु पर्नेछ।

ख) नकुहिनेको हकमाःतत्काल पुन: प्रयोगमा आउने खालका सामानहरु विक्रिवितरण गर्न सक्ने र दीर्घकालिन रुपमा घरमै छुट्टाएको नकुहिने फोहर सम्बन्धित घरबाट खरिद गरी संकलनगर्ने र त्यसलाई एकमुष्ट रुपमा विक्रिवितरण गरी व्यवसायिक रुपमै आम्दानीगर्न सक्ने खालको हुनु पर्नेछ।

ग) यसरी विभाजन गरी प्रयोग हुने कुहिने र नकुहिने छुट्टाईसके पछि पनि कतै प्रयोग नहुने केही बांकी फोहरलाई नगरपालिकाले तोकेको क्षेत्र ल्याण्डफिल्ड साईड वा प्रस्तावकले तोकेको क्षेत्रमा समेत लगि वातावरण नखलवलिने गरी व्यवस्थापन गर्न पर्नेछ।

३) प्रस्तावकको प्रस्तावलाई सहयोग पुग्ने गरी नगरपालिकाले फोहर व्यवस्थापनगर्न प्रयोग गर्दै आएको निम्नबमोजिमको आर्थिक तथा भौतिक स्रोतसाधनहरु मात्र प्रयोग गर्नसक्ने हुनु पर्नेछ।

क) नगरपालिकाले उपलब्ध गराएको जग्गामा फोहर संकलन प्रशोधन केन्द्रको लागि प्रयोग गर्न सक्नेछ।

ख) फोहरमैलाव्यवस्थापनको लागि आवश्यक समयमा ट्र्याक्टर, टिप्पर, सवारी चालक र कुचीकार नगरपालिकाले उपलब्ध गराउन सक्ने र उल्लेखित स्रोतसाधनहरुको मर्मत संभार, ईन्धनखर्च र पारिश्रमिक पनि व्यहोर्न सक्नेछ।

ग) सुरुमा फोहर व्यवस्थापन गर्न आवश्यक पर्ने न्यूनतम व्यवस्थापकीय आवश्यकता पूरा गर्न र समुदायमा जनचेतना जगाउन नगरपालिकाले सहजीकरण गर्नेछ र प्रस्तावकले तालिम संचालन गर्नेछ।

घ) फोहर व्यवस्थापन केन्द्रको व्यवस्थापनकालागि आवश्यक पर्ने जनशक्ति प्रस्तावकले नै व्यवस्थापन गर्नुपर्ने छ, त्यस्ता प्रस्तावकले पेश गरेका बिषय बिज्ञ न.पा.ले बोलाएको बेला उपस्थित भई ब्यबस्थापन सम्बन्धि गतिबिधिको जानकारी गराउनु पर्ने छ र उक्त जनशक्तिको तलवभत्ता फोहरजन्य वस्तुहरुको विक्रीबाट हुने आम्दानीबाट गरिने हुँदा उक्त आम्दानीमा नगरपालिकाले कुनै दावी नगरी सबै वा आंशिक करहरु छुट दिन सक्नेछ।

४) दफा ३ माउल्लेखित स्रोतसाधनबाहेक नगरपालिकाले अन्य कुनै आर्थिक तथा भौतिक स्रोतसाधनहरु उपलब्ध गराउन आवश्यक देखिएमा कार्यक्रमको प्रकृतिहेरी औचित्य पुष्टी भएमा तत्काल निर्णय गर्न सकिने छ।

५) फोहरमैला व्यवस्थापन वापत घरघरबाट नगरपालिकाले उठाउने भनि गरेको प्रस्ताव बमोजिमको फोहरमैला व्यवस्थापन शुल्क नगरपालिका आफैले वा स्वीकृत प्रस्तावकसंग छुट्टै सम्झौता गरी त्यस्तो शुल्क प्रस्तावकलाई पनि उठाउन लगाउन सक्नेछ।

६) प्रस्ताव कार्यान्वयनको सीमा अवधी ५ (पाँच) वर्षको हुने छ। तर वढिमा १ (एक) वर्षको परिक्षणकाल हुनेछ। त्यसपछि पनि नगरपालिकालाई उपयूक्त लागेमा बढिमा ४/४ (चार/चार) वर्षको लागि म्याद थप गर्दै जाने छ।

७) फोहर संकलन केन्द्रसम्मजाने पूर्वाधार एवं आवश्यक अन्य निर्माण नगरपालिकाले गर्नेछ। मर्मत संभार प्रस्तावकले गर्नुपर्ने छ।

८) उल्लेखित प्रावधानहरुका अतिरिक्त समाजमा थप रोजगार सृजना गर्न सक्ने, व्यवसायिकता हासिल गर्नसक्ने र वातावरण क्षेत्रमा विशेष कार्य अनुभव भएका प्रस्तावकलाई विषेश प्राथमिकता दिन सकिनेछ । प्रस्तावकले प्रस्ताब पेश गर्ने समयमा उल्लेख भएका जनशक्ति र सरसफाई केन्द्र संचालनको समयमा परिचालन भएका जनशक्ति फरक पर्न गएमा पेश गर्ने समयमा जत्तिनै दक्ष जनशक्ति परिचालन गर्नुपर्ने छ। अन्यथा सम्झौता अनुसारको कारबाही हुनेछ।

९) फोहर व्यवस्थापन सन्दर्भमा कुनै समस्या विवाद उत्पन्न भएमा प्रस्तावक र नगरपालिका छुट्टा छुट्टै वा संयूक्त रुपमा समस्याको समाधन तर्फ पहल गर्न सकिनेछ।

१०) फोहरमैला संकलन/प्रशोधन केन्द्रको लागि नगरपालिकाले तोकेको जग्गावा क्षेत्र बाहेक अन्यत्र प्रयोग गर्न पाईने छैन। तर प्रस्तावक आफैले जग्गा व्यवस्थापन गरी पाएक पर्ने स्थानमा प्रयोग गर्न चाहेमा त्यसो गर्न सक्नेछ। त्यसरी प्रयोग गरेबाट आउन सक्ने समस्याको जवाफदेही भने स्वयं प्रस्तावक नै हुनेछ। आवश्यक परेमा नगरपालिकाले सहजीकरण गर्न सक्नेछ।

११) स्वीकृत प्रस्तावक संग सम्झौता गरेपछि सम्झौतामा उल्लेख भएको शर्तहरु सोही अनुसार र सम्झौतामा उल्लेख नभएका बिषयहरुमा प्रचलित कानून अनुसार हुनेछ।